आज मिति २०७९ चैत्र १० गतेका दिन टीकापुर नगरपालिकाका प्रमुख श्री राम लाल डगौरा थारुको अध्यक्षतामा बसेको टीकापुर नगर कार्यपालिकाको बाह्रौ (१२/०७९-८४ ) बैठकको उपस्थिती देहाय बमोजिम रह्यो ।

| क्रसं | पद | नामथर | हस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री रामलाल डगौरा थारु | |
| २ | नगर उप-प्रमुख | श्री खडक बहादुर शाह | |
| ३ | सदस्य | श्री मोहन लुहार (वि.क.) | |
| ४ | सदस्य | श्री दीपक चौधरी | |
| ५ | सदस्य | श्री ऋषि वि.क. | |
| ६ | सदस्य | श्री लालविर चौधरी | |
| ७ | सदस्य | श्री बलविर थारु | |
| ८ | सदस्य | श्री बलिराम चौधरी | |
| ९ | सदस्य | श्री यज्ञ प्रसाद न्यौपाने | |
| १० | सदस्य | श्री दिर्घ बहादुर ठकुल्ला | |
| ११ | सदस्य | श्री लौटन चौधरी | |
| १२ | सदस्य | श्री सरस्वती तिरुवा | Saraswati Tiruwa |
| १३ | सदस्य | श्री रुपमती ड. थारु | |
| १४ | सदस्य | श्री कैलास पति चोधरी | |
| १५ | सदस्य | श्री राजरानी चौधरी | |
| १६ | सदस्य | श्री लवरी चौधरी | |
| १७ | सदस्य | श्री दिपक बहादुर निशानी | |
| १८ | सदस्य | श्री मन्जु वि.क | |
| १९ | सदस्य | श्री राम बहादुर नगार्जी | |
| | | | |
| १ | सचिव | श्री लक्ष्मण बहादुर कठायत | |

## बाह्रौं कार्यपालिका बैठकको निर्णय

(मिति २०७९ चैत्र १० गते)

विषय सूची :

प्रस्ताव नं. १ :- सम्मानित श्री कैलाली अदालतको निषेधाज्ञा आदेश मुद्दाको अख्तियारी सम्बन्धमा ।

प्रस्ताव नं. २ :- भ्याट रकम जम्मा गर्ने सम्बन्धमा ।

निर्णय :-

निर्णय नं. १ :- जिल्ला कैलाली टीकापुर नगरपालिवडा नं. ९ को हाल ऐ.ऐ.वडा नं. १ वस्ने डम्वर वहादुर वुढामगरको छोरा वर्ष ५० को तर वहादुर वुढामगर –१, ऐ.ऐ. वस्ने रत्न वहादुर वुढामगरकी श्रीमति वर्ष ४३ की भावना मगर–१, ऐ.ऐ. वस्ने वर्ष ४० को दुर्वल वुढामगरको हकमा निजकी एकाघरकी पत्नी ऐ.ऐ. वस्ने वर्ष ३२ की खगीसरा वुढामगर–१, ऐ.ऐ. वस्ने मान सिं मगरकी छोरी वर्ष ३२ की वीना वुढा मगर –१, ऐ.ऐ. वस्ने कविराज कोइरालाको छोरा वर्ष ४४ को सुकदेव कोइराला –१, ऐ.ऐ. वस्ने डम्वर वहादुर वुढामगरको छोरा वर्ष ६२ को मान सिं मगर समेत ६ जनाको वारेश भई आफनो हकमा समेत जिल्ला कैलाली टीकापुर नगरपालिका वार्ड नं. ९ को हाल १ वनगाउँ मगर टोल वस्ने सुखलाल वुढामगरको छोरा वर्ष ३७ को धन वहादुर वुढा मगर –१ लगायतले टीकापुर नगरपालिकाको कार्यालय, कैलाली समेतलाई विपक्षी वनाई सम्मानित श्री कैलाली अदालतमा निषेधाज्ञा लगायत अन्तरिम आदेश जारी गरी पाउँ भन्ने विषयको संवत २०७९ सालको रिट नं. ०७९–WO–००१७ दायर भई उक्त मुद्दाको म्याद तामेली २०७९/१२/०२ गते भएकोमा टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय र नगर प्रमुख श्री रामलाल डगौरा थारुको तर्फबाट मुद्दाको लिखित जवाफ पेश गर्ने, कानून व्यवसायी नियुक्त गर्ने, तारेखमा रुजु हाजिरी गर्ने लगायतका काम गर्नका लागि यस टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयका कानून अधिकृत श्री केशर वहादुर थापालाई अख्तियारी दिने ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. २ : क) यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको मिति २०७९ ३, २४ को च.नं.४२६४ को पत्रानुसार ठेक्का नं. (TMO/NCB/31/2078/079) टीकापुर वसपार्क संचालन तथा व्यवस्थापन सम्बन्धी ठेक्का अमिक्षा कन्सट्रक्सन, टीकापुर कैलालीले ३ (तीन) वर्षका लागि भ्याट सहित रु.५५,३८,२५५।४३ (पचपन्न लाख, अठ्तीस हजार, दुई सय पचपन्न रुपैया, पैशा त्रिचालिस मात्र) कवोल गरी भ्याट सहित पहिलो किस्ताको चालिस प्रतिशतले हुन आउने रु. २२, १५,३०३ । (बाईस लाख, पन्ध्र हजार, तीन सय तीन रुपैया मात्र) जम्मा गरेकोमा उक्त रकमको भ्याट वापत हुन आउने रकम रु.२,५४,८५७।८७ (दुई लाख, चौवन्न हजार, आठ सय सन्ताउन्न रुपैया,पैशा सतासी मात्र ) सो फर्मले आन्तरिक राजश्व कार्यालयमा जम्मा गर्नुपर्ने भएको हुँदा उक्त रकम गत आ.व.को वचत हुन आउने रकमबाट जम्मा गर्ने ।

ख) यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको ठेक्का नं.( TMO/NCB/04/2079/080) पशु हाटवजारमा पशु चौपाया खरिद तथा विक्रि सम्बन्धी ठेक्का श्री कालिका बिल्डर्स ,टीकापुर- कैलालीले वर्ष तीनका लागि भ्याट सहित रु.१,०४,८६,४०० (एक करोड, चार लाख। छयासी हजार, चार सय मात्र) मा रकम कवोल गरेको र मिति २०७९ फाल्गुण ८ गते सम्झौता वमोजिमको भ्याट सहित प्रथम किस्ता वापत चालिस प्रतिशतले हुन आउने रकम रु. ४२,००,०००। (वयालिस लाख) यस टीकापुर नगरपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गरेकोले उक्त रकममा भ्याट वापत हुन जाने रकम रु. ४,८३,१८५।८४ (चार लाख, त्रीयासी हजार, एक सय पचासी, पैशा चौरासी) सो फर्मको आन्तरिक राजश्व कार्यालयमा जम्मा गर्नुपर्ने भएको हुँदा उक्त रकम नगरपालिकाको आन्तरिक श्रोतबाट जम्मा गर्ने ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली

प्रमुख प्रशासकीय अधिकृत

बाह्रौं कार्यपालिका बैठकको निर्णय